## जाडोभर...

लामो ट्राफिक जामका कारण समयमा सामान ल्याइपुऱ्याउन सकिँदैन । त्यही भएर घण्टौँसम्म लाइन जाने गरेको हो ।

'बिजुली नपुगेर होइन, जलेको सामान स्टोरबाट ल्याउन र फेर्न समय लागेको कारण लामो समय बिजुली जाने गरेको हो', प्रवक्ता भट्टराईले भने, 'अहिले जाडोमा अमेरिकाको कतिपय ठाउँमा त कयौँ दिनसम्म बिजुली गएको छ । हाम्रोजस्तो देशमा जानु स्वाभाविक हो । हामीसँग तत्काल बिजुली आपूर्ति गर्ने जादुको छडी त छैन नि!', प्रवक्ता भट्टराईले आर्थिक दैनिकसित भने ।

प्राधिकरणका आधिकारिक व्यक्तिहरूको यस्ता गैरजिम्मेवार भनाइले बिजुली आपूर्तिको व्यवस्थापनमा प्राधिकरणको नेतृत्व खासै संवेदनशील छैन भन्ने यसले देखाउँछ । भट्टराईले अहिले प्राधिकरणले भारतबाट दैनिक सरदर पाँच हजार मेगावाट आवर बिजुली आयात गरिरहेको र यो दर कहिले बढ्ने र कहिले घट्ने बताए । उनका अनुसार भारतबाट आगामी वैशाख अन्त्य वा जेठको पहिलो सातासम्म बिजुली आयात गरिरहनुपर्नेछ । बिजुली आयात गरे पनि प्राधिकरणले माग धान्ने क्षमताको तार र ट्रान्सफरमरको व्यवस्था गर्न नसकेको कारण चाँडो चाँडो जल्ने गरेको हो । जलेको सामान फेर्न समय लगाइदिंदा अर्को ठाउँमा बिजुली आपूर्ति सहज हुने गरेको छ । यसैलाई आम सर्वसाधारणले अघोषित लोडसेडिङ भनेका हुन् । सबै ठाउँमा माग धान्ने क्षमताको केबल र ट्रान्सफरमर भयो भने बिजुली नपुग हुनसक्छ । त्यही भएर प्राधिकरणले कतिपय ठाउँमा जानाजान कमजोर प्रणाली जडान गरेको आमउपभोक्ताको बुझाइ छ । प्राधिकरणका प्रवक्ताको भनाइअनुसार जाडो याममा कहिले कुन ठाउँमा त कहिले कुन ठाउँमा माग बढी हुन्छ भन्ने एकीन गर्न नसकिने कारण बिजुली आपूर्तिमा समस्या कायमै रहन सक्तछ । 'जाडोमा जहाँ माग बढी हुन्छ त्यहाँको केबल र ट्रान्सफरमरको क्षमताले नधान्नु स्वाभाविक हो । यस्ता समस्या जाडोभर भइरहन्छ', प्रवक्ता भट्टराईले भने ।

## बैंकहरूको...

विकास बैंकहरूले एक हजार एक सय २३ र फाइनान्स कम्पनीहरूले दुई सय ७५ वटा शाखाहरू प्रयोग गरेका छन् ।

बैंक तथा फाइनान्स कम्पनीहरूको कुल एटीएम काउन्टरको संख्या भने चालू आवको पछिल्लो चार महिनाको अवधिमा चार हजार छ सय ९५ वटा पुगेको छ । जसमध्ये वाणिज्य बैंकहरूको चार हजार तीन सय २७, विकास बैंकहरूको तीन सय २५ र फाइनान्स कम्पनीहरूको ४४ वटा एटीएम काउन्टरहरू सञ्चालनमा रहेका छन् ।

## अर्थमन्त्री...

प्रतिशतले घट्दा ९५ अर्ब ७६ करोड रूपैयाँमा सीमित भएको छ । समीक्षा अवधिमा सरकारको कुल ऋण दुई खर्ब रूपैयाँ बढी रहेको छ ।

यसैबीच अर्थमन्त्री पौडेलले मात्र मुलुकको विकासको लागि आम्दानी र पुँजीगत खर्च बढाउनुपर्ने दायित्व आएको होइन । यसअघिका अर्थमन्त्रीलाई पनि सोही दायित्व थियो । जसमा उनीहरू चुक्दै आएका छन् । यसका साथै विभिन्न सरकारी प्रतिवेदनले मुलुकको अर्थतन्त्रलाई सही ढंगमा ल्याउने विभिन्न सुझाव दिएको छ त्यसलाई समेत उनले आत्मसात् गरेको पाइँदैन । जसले गर्दा अर्थतन्त्र के होला भन्ने कौतूहलता सर्वसाधारणमा रहिरहनेछ । सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदनअनुरूप पुँजीगत खर्च पुँजीगत बजेट अनुमानभन्दा निकै कम हुने तथा आर्थिक वर्षको अन्तमा ४० देखि ५० प्रतिशतसम्म हुने गरेको पाइन्छ । जसले गर्दा पुँजीगत खर्चको उत्पादकत्व र गुणस्तरमा कमी आएको छ । विगत सात वर्षको अवधिमा विनियोजित पुँजीगत बजेटको तुलनामा यथार्थ खर्च वार्षिक औसत ७३ प्रतिशत रहेको छ । मूलतः परियोजनाहरू बजेटपूर्वका तयारीहरूविना नै बजेटमा समावेश गरी, कमजोर प्राथमिकताका आधारहरू तय गरिनु र जेठ १५ देखि साउन १ सम्मको ४५ दिन परियोजना तयारीमा उपयोग नै नहुनुजस्ता कारणले सार्वजनिक खर्च प्रणालीभित्र विकृति र विसंगति जन्मिन गएको राजनीतिक अस्थिरताले समेत महत्वपूर्ण भूमिका खेल्नुजस्ता अन्तर्सम्बन्धित कारणहरूले बजेट कार्यान्वयनमा अवरोध खडा गरी यसको नकारात्मक असर पुँजीगत खर्चमा पर्ने गरेको प्रतिवेदनमा उल्लेख गरेका छन् ।

प्रतिवेदनले पुँजीगत खर्चवृद्धिका साथै आर्थिक वर्षको अन्तमा पुँजीगत खर्च केन्द्रित हुने अवस्थालाई अन्त्य गर्ने गरी प्रक्रिया र पथलाई थप व्यावहारिक र तुरुन्त कार्यान्वयन गर्न सकिने गरी सरल बनाउनुपर्ने जनाएको छ ।

संघीय बजेट, खर्च र वित्त प्रणालीमा देखिएका समस्याहरूको समाधानका लागि आंशिक प्रयास होइन प्रणालीगत समाधान खोजिनुपर्ने निष्कर्षसहित प्रणालीगत समाधान गनुपर्ने अध्ययन प्रतिवेदनले सुझाए पनि अर्थ मन्त्रालय, मन्त्री र कर्मचारीहरूले त्यसमा ध्यान नदिंदा मुलुकको अर्थतन्त्रमा परिवर्तन आएको देखिँदैन । जसले गर्दा अर्थमन्त्री परिवर्तन हुँदैमा अर्थतन्त्रमा परिवर्तन आउँछ भन्नसक्ने ठाउँ रहेको पाइँदैन ।

वित्तीय सुशासन कायममा जोड दिएको महालेखाको प्रतिवेदनले पनि मुलुकको अर्थतन्त्र आत्मनिर्भर बनाउन कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण, स्वदेशी लगानी, श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगधन्दाको संरक्षण र प्रवर्द्धन, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनलाई जोड दिनुपर्ने बताएको छ । बजेटको कुशल बाँडफाँट, वर्षान्तमा रकमान्तर गर्ने परिपाटीको अन्त्य, संसदीय निगरानीबेगर खर्चमा रोक, बजेट प्रणाली बाहिरबाट खर्च गर्ने प्रवृत्तिमा सुधारलगायतका सुझावहरू दिएको छ । साथै दबाब तथा प्रभावका आधारमा अयोजना छनौट हुने परिपाटीको अन्त्य गर्नुपर्ने, आयोजनका अनुगमन र मूल्यांकनलाई नतिजामुखी बनाई अनुगमन मूल्यांकन गर्नुपर्ने, राष्ट्रिय उद्योगधन्दा र सामाजिक आर्थिक रूपान्तरणमा सकारात्मक योगदान गर्ने लगानीमैत्री राजस्व नीतिको अवलम्बन, अत्यावश्यक र उच्च आर्थिक तथा सामाजिम प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन, बचतलाई प्रोत्साहन गरेमा मुलुकको अर्थतन्त्र सही हुने जनाएको छ । सार्वजनिक निकायले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्नुपर्ने बताएको छ । ती प्रतिवेदनको सुझाव कार्यान्वयन भएको खण्डमा मात्र मूल्यवृद्धि, आर्थिक वृद्धिदर, पुँजीगत खर्च, व्यापारघाटा, विप्रेषण आप्रवाह, चालू खाता घाटा, शोधनान्तर स्थिति, विदेशी विनिमय सञ्चितिलगायतका अर्थतन्त्रका सूचकहरू सकारात्मक देखिन्छन् । तर यसअघि ती प्रतिवेदनका सुझावलाई बेवास्ता गर्दै आएका उनले यस कार्यकालमा कार्यान्वनयमा ल्याउँछन् भन्ने विश्वास व्यक्त गर्न सकिने अवस्था छैन ।

यसैबीच मन्त्री पौडेलले यस पटक पहिलो पटकको अर्थमन्त्री जिम्मेवारी सम्हाल्नलागेका भने पटक्कै होइनन् भने यसका साथै उनी निष्ठावान् चरित्रका व्यक्ति समेत होइनन् । यसअघि २०७२ सालमा केपी शर्मा ओली नेतृत्वको सरकार र २०७७ मा अर्थ मन्त्रालयबाट युवराज खतिवडाको बहिर्गमनपछि पौडेलले अर्थमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । योसँगै उनले तेस्रो पटक अर्थमन्त्रीको जिम्मेवारी लिएका हुन् । अघिल्लोपटक अर्थमन्त्री हुँदा पनि अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन नसकेको कारण उनीबाट आशा गर्ने ठाउँ छैन ।

---

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Surkhet

## Road Division, Jumla

### INVITATION FOR BIDS

**Notice No. 4-079/80**

**First Date of Publication: 2079/09/17 (1st Jan 2023)**

Road Division, Jumla invites bids from eligible domestic bidders for the Road improvement works as listed below:

| S.N | Contract Number | Name of Works | Estimate Amount(NRs) (Excluding VAT ) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDJML/337011694/079/80-15 | Road works on Milanchowk Mukha Dhune Dayaar Road | 4,275,520.59 | 107,000.00 | 3000 |
| 2 | RDJML/337011694/079/80-16 | Road works on Plaam dekhi mastamandu mathikhaan chukeni Kholi Rahadeba Mabi | 4,278,833.77 | 107,000.00 | 3000 |
| 3 | RDJML/337011694/079/80-17 | Road works on Khulalu Lalu Kotbada laukra Sadak | 6,849,895.05 | 171,000.00 | 3000 |
| 4 | RDJML/337011694/079/80-18 | Road works on Tripurakota Kaigaun Maure Jumla | 4,278,347.93 | 107,000.00 | 3000 |
| 5 | RDJML/337011694/079/80-19 | Road works on Kalikota Jilla Khadachakra -Jimmajedi-Shikru- Jaarkot- Thirpu- Dhaulagaha-Khina-Oodi Sadak | 4,279,079.40 | 107,000.00 | 3000 |
| 6 | RDJML/337011694/079/80-20 | Road works on Kalikota Jilla Khulalu -Lalulaiphu ra Tahakot-mallakot -Dhachu-Naharinatha sadak yojana | 4,280,053.44 | 107,000.00 | 3000 |
| 7 | RDJML/337011694/079/80-21 | Road works on chandanatha na pa 3 shimkhada gaun dekhi karnali prabadhika sichalaya jane bato kalopatre jumla | 4,280,026.84 | 107,000.00 | 3000 |
| 8 | RDJML/33701115/079/80-22 | Landslide clearance on Nagma - Gamgadi Road | 1,485,681.14 | 37,000.00 | 1000 |
| 9 | RDJML/337310113/079/80-23 | Landslide clearance on Karnali Highway Kalikot | 1,546,846.76 | 39,000.00 | 1000 |

| S.N. | Last Date Of Bid Submission | Bids / Technical Bid Opening Date, Time & place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2023/02/02 (AD)<br>2079/10/19 (BS)<br>upto 12:00 hours | 2023/02/02 (AD)<br>2079/10/19 (BS)<br>13:00 hours , Road Division Jumla | 2023/01/23 (AD)<br>2079/10/09 (BS)<br>13:00 hrs at office address | 90 days from bid submission due date | Minimum 30 days beyond bid validity period | For SN 1-7 of above table |
| 2 | 2023/01/16 (AD)<br>2079/10/02 (BS)<br>upto 12:00 hours | 2023/01/16 (AD)<br>2079/10/02 (BS)<br>13:00 hours , Road Division Jumla | 2023/01/06 (AD)<br>2079/09/22 (BS)<br>13:00 hrs at office address | 45 days from bid submission due date | Minimum 30 days beyond bid validity period | For SN 8-9 of above table |

For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Road Division, Jumla or PPMO Website:- www.bolpatra.gov.np/egp

**Division Chief**

---

# Hupsekot Rural Municipality
## Office of Rural Municipal Executive
### Jhyalbas, Nawalparasi (East)

### Invitation for Bids

First date of publication: - 1st Jan, 2023

1. Hupsekot Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following works:

| S. N. | Contract Identification No. | Name Of Project | (Qualification Criteria) Average Annual Construction Turnover of the best 3 years within last 10 years NRs. (Without VAT) | (Qualification Criteria) Contract of Similar size and nature | Last date of Bid Submission | Bid Security NRs. | Bid Document Fee (NR.s) |
|---|---|---|---|---|---|---|---|
| 1. | HUP/NCB/W/ 04/2079-80 | Construction of Hupsekot Technical School | 6,48,00,000.00 | Construction of at least one RCC framed structure building within last ten years with value not less than NRs 3,25,00,000.00 (Without VAT) | Jan 31, 2023, 12:00 Noon | 16,00,000.00 | 5,000.00 |
| 2. | Hup/Ncb/W/ 05/079/80 | Rudrapurgadhi samraxyan Tatha Paryatan Prabardhan | - | - | Jan 31, 2023, 12:00 Noon | 5,00,000.00 | 3,000.00 |
| 3. | Hup/Ncb/W/ 06/079/80 | Girubari Khola Tatbandha | - | - | Jan 31, 2023, 12:00 Noon | 2,50,000.00 | 3,000.00 |
| 4. | HUP/NCB/W/ 07/2079-80 | Construction of Road Connecting 40 Kilo and Rural Municipality Center Through Ward No. 2 and Ward No. 3 | - | - | Jan 31, 2023, 12:00 Noon | 2,20,000.00 | 3,000.00 |

2. The bids will be opened in the presence of bidders' representatives who choose to attend at January 31, 2023, 1:00 PM at the office of Hupsekot Rural Municipality.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Hupsekot Rural Municipality Jhyalbas, Nawalparasi (East), ***Email:hupsekotrmun@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

---

## मास ट्राभल्स एण्ड टुर्स प्रा.लि.
### कम्पनी खारेज सम्बन्धी लिक्विडेटरको सार्वजनिक सूचना

श्री कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६०।१०।१९ मा दर्ता भएको प्रा.लि.नं. २६९५८।०६०।०६१ को मास ट्राभल्स एण्ड टुर्स प्रा.लि.को मिति २०७९।०९।१५ मा बसेको वार्षिक साधारणसभाको निर्णयले स्वैच्छिक रुपमा कम्पनी खारेजी (लिक्विडेसन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफैँ वा प्रतिनिधिमार्फत हकदाबी गर्न निम्नलिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा व्यवस्था भएबमोजिम बाँकी दायित्व भुक्तानी गरी बाँकी जायजेथा सेयरधनीलाई बाँडिनेछ । तोकिएको म्यादभित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**लिक्विडेटरको कार्यालय**
**श्री देवी प्रसाद रिजाल, दामासाही व्यवसायी इजाजत नं. ५३७**
**पुतलीसडक, रामशाहपथ, काठमाडौं, मोबाइल नं. ९८५१०–२९६६८, ९८५१०–५०३२९**
Email : bhumirajacharya@gmail.com

---

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०९/१७

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता कायम रहेको **कोदु डिष्ट्रिब्युटर प्रा.लि.**को मिति २०७९/०८/०८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल श्री सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सर्तमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कोदु डिष्ट्रिब्युटर एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** कायम गर्ने स्विकृती प्राप्त भएको हुँदा सरोकारवाला वा सम्पूर्ण सर्वसाधारणहरूको जानकारीका लागि यो सुचना प्रकाशित गरीएको छ ।

---

## लिक्विडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७०/०३/०४ मा दर्ता भएको प्रा.लि.नं. ११३५१४/०६९/०७० को **सेभ्भी ट्राभल्स एण्ड टुर्स प्रा.लि.**को मिति २०७९/०७/२१ मा बसेको साधारणसभाले कम्पनीलाई स्वइच्छामा खारेज गर्ने निर्णय गरेकोले कम्पनी ऐन, २०६३ अन्तर्गत रही कम्पनी खारेजीको प्रक्रिया सुरू गरिएको छ । तसर्थ उक्त कम्पनीसँग कोही कसैको लेनदेन बाँकी भएमा तल उल्लिखित ठेगानामा आवश्यक प्रमाणसहित आजका मितिले ३५ दिनभित्र दाबी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भएबमोजिम बाँकी दायित्व भुक्तान गरी बाँकी जायजेथा सेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**लिक्विडेटर : हर्ष नारायण झा (अधिवक्ता)**
**हर्ष ल एसोसियट**
**त्रिपुरेश्वर, काठमाडौं, मो.नं.९८५१०–५९४५४**

---

## लिक्विडेटरको कार्यालयको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/१२/१० मा दर्ता भएको प्रा.लि.नं. ८१८१६/०६७/०६८ को काठमाडौं **मेडिकल एण्ड हेल्थ केयर सेन्टर प्रा.लि.**को मिति २०७९/०९/१३ मा बसेको साधारणसभाले कम्पनीलाई स्वइच्छामा खारेज गर्ने निर्णय गरेकोले कम्पनी ऐन, २०६३ अन्तर्गत रही कम्पनी खारेजीको प्रक्रिया सुरू गरिएको छ । तसर्थ उक्त कम्पनीसँग कोही कसैको लेनदेन बाँकी भएमा तल उल्लिखित ठेगानामा आवश्यक प्रमाणसहित आजका मितिले ३५ दिनभित्र दाबी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भएबमोजिम बाँकी दायित्व भुक्तान गरी बाँकी जायजेथा सेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**लिक्विडेटर : हर्ष नारायण झा (अधिवक्ता)**
**हर्ष ल एसोसियट**
**त्रिपुरेश्वर, काठमाडौं, मो.नं.९८५१०–५९४५४**